राजगढ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल

प.स :- ०७८।०७९ मिति :- २०७८।०७।०९
च.न :-

विषय :- वडा नं ३ को पोखरी ठेक्काको शिलबन्दी बोलपत्र आहवानको सूचना ।
प्रथम पटक प्रकाशित मिति : २०७८।०७।०९

स्थानीय सरकार संचालन ऐन , २०७४ वमोजिम यस गाँउपालिकाको स्वामित्व र संरक्षणमा रहेको राजगढ वडा नं. ३ को तपसिलमा उल्लेखित पोखरीहरुको मत्स्य पालन गर्न आ.व ०७८।०७९ देखी ३ वर्षका लागी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त वन्देजको अधिनमा रही रितपुर्वक सिलवन्दी वोलपत्र आह्वान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७८।०७।०९ गते देखी २०७८।०७।१५ गते कार्यालय समय भित्र रु १०००।०० अक्षरेपी एक हजार (फिर्ता नहुने) तिरी वोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको वोलपत्र फारम सक्कले २०७८।०७।१६ गते दिनको १२:०० वजे भित्र सिलवन्दी गरी यस गाँउपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलवन्दी वोलपत्र फारमहरु सोही दिनको २:०० वजे रितपुर्वक खोलिने छ ।

शर्त तथा बन्देजहरु

१. आ.व २०७८।०७९ देखि ३ वर्षका लागी तपसिलका पोखरीको ठेक्काको न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कवोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार तीन वर्षका लागि ठेक्का दिइ चलन गर्न दिइने छ ।

२. गाँउपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा वेरुजु रहेको, गाँउपालिकाले कालो सूचिमा राखी रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । वोलपत्रदाताको घरमा अनिवार्य शौचालय हुनुपर्ने छ ।

३. प्राप्त वोलपत्रहरु मिति २०७८।०७।१६ गते अपरान्ह दिनको २:०० वजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनुपर्ने छ । उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन ।

४. वोलपत्र दिने व्यक्ति नेपाली नागरिकले वोल रकमको ५% प्रतिशतले हुने धरौटी रकम यस गाँउपालिका कार्यालयको नेपाल एस.वि.आई वेलही चपेनामा रहेका धरौटी खाता हि.नं. ४३४२५२४०६००००८ मा जम्मा गरी सो को सक्कले भौचर वोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार गा.पा.को कार्यालयमा सुरक्षित रहने छ ।

६. सदर हुने वोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने धरौटी वाहेकको ३ वर्षलाई कवोल गरेको रकमको वार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता (वार्षिक हुन आउने रकम) सम्झौता गदौ नै अग्रिम रुपमा वुझाउनु पर्ने छ । वाँकी रकम प्रत्येक वर्ष श्रावण मासान्त भित्र गा.पा मा अग्रिम रुपमा वुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तीन सय) विलम्ब शूल्क लाग्ने छ । विलम्ब शूल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र गाँउपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी वाँकी सरह वक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी वढाउने छ । सम्झौता गर्दा दाखिला गरेर वाँकी रकमको हकमा ठेक्का वाँकी अवधिको म्याद भएको परफरमेन्स वण्ड (वैंक ग्यारेन्टी वा गाँउक्षेत्र भित्रको धन तथा जेथा जमानी) दिनु पर्ने छ ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम गाँउपालिकाले जुनसुकै बखत माग गरी आफनो बक्यौता रकम असुलउपर गर्न सक्ने छ ।

८. ठेक्का चलनको सम्वन्धमा अदालत, गाँउपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नुपर्ने छ । सो पालना गर्दा कुने क्षती, हानी नोक्सानी भयो भने गाँउपालिका समक्ष माग दावी ठेकेदार गर्न पाउने छैन ।

९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघिय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवारी हुनेछ ।

१०. ठेक्का चलनमा कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाइएमा वढीमा ३ पटक सम्म गाँउपालिकाले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा गाँउपालिकाले ठेक्का तोडी नियामानुसारको कारवाहीका लागी प्रकृया अगाडी वढाउने छ ।

११. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१२. कुनै किसिमको हडताल, वन्द, चक्काजाम वा वाढि पहिरो आदि भएका दिनको वा क्षति विवरण खुलाई रकम मिन्हा मागने पाइनेछैन ।

१३. स्वीकृत बोल रकम एक मुष्ठ जम्मा गरेमा कवोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१४. पोखरीको माछा झिक्दा विषादिको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुघर राख्नु पर्ने छ । पोखरीमा नुहाउने र पानी लिन, प्रचलित संस्कार मनाउन मनाहि गर्न पाउने छैन ।

१५. पोखरी हाल जुन अवस्थामा छ, सोहि अवस्थामा ठेक्का संचालन गर्नु पर्नेछ र पछि बाढि वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा वा टुटेमा ठेकेदारले स्वयम मर्मत गरी माछा पालन गर्नु पर्नेछ । सो मा लाग्ने खर्च गा.पा. ले व्योहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरि सफा सुग्घर राख्नु पर्नेछ ।

१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नुपर्नेछ ।

१७. वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

१८. ठेकेदार र गाँउपालिका कार्यालय विच विवाद उत्पन्न भएमा राजगढ गाँउपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१९. कुनै पनि वाहाना वा कारण देखाई ठेक्का रकम मिनाह, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

२०. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित ऐन कानुन बमोजिम हुने छ ।

२१. वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

तपसिल

सि.न	पोखरीको नाम	स्थान	न्युनतम ठेक्का रकम	कैफियत
१	रतन सेसेरा पोखरी	राजगढ - ३	१८१०००।००	
२	झौहरा पोखरी	राजगढ - ३	६१०००।००	
३	पेन पिवि पोखरी	राजगढ - ३	६१०००।००	
४	मागैन साह पोखरी	राजगढ - ३	६१०००।००	

राजगढ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल

५	भोकराहि पोखरी	राजगढ - ३	१२१०००।००	
६	तेतरी पोखरी	राजगढ - ३	२५०००।००	
७	जोडलाही पश्चिमवारी पोखरी	राजगढ - ३	३१०००।००	
८	मखनाही पोखरी	राजगढ - ३	१२१०००।००	
९	मानपुर पोखरी	राजगढ - ३	१२१०००।००	
१०	सिङ्गराही पोखरी	राजगढ - ३	६१०००।००	
११	पुरनाही पोखरी	राजगढ - ३	६१०००।००	
१२	राजोखेर पोखरी	राजगढ - ३	६१०००।००	
१३	अन्धरी पोखरी	राजगढ - ३	१२१०००।००	
१४	दानर पोखरी दुवै	राजगढ - ३	३१०००।००	
१५	बाँध दुवै	राजगढ - ३	२५०००।००	

रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत